# कालिगण्डकी गाउँपालिका

## स्थानीय राजपत्र

खण्ड ९) कालिगण्डकी, पौष महिना २१ गते २०८२ साल (संख्या २

**भागः १**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी कालिगण्डकी गाउँपालिकाको अठारौं गाउँसभा, २०८२ बाट पारित भएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

**सम्वत २०८२ सालको ऐन नं. ३**

**कालिगण्डकी गाउँपालिकाको आर्थिक ऐन, २०८२ लाई संसोधन गर्न बनेको ऐन**

**प्रस्तावनाः** कालिगण्डकी गाउँपालिकाको आर्थिक ऐन, २०८२ लाई संशोधन गर्नु वाञ्छनीय भएकाले, गाउँसभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस ऐनको नाम “कालिगण्डकी गाउँपालिकाको आर्थिक (प्रथम संसोधन) ऐन, २०८२” रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. **कालिगण्डकी गाउँपालिकाको आर्थिक ऐन, २०८२ को अनुसूची १५ (दफा १८ संग सम्बन्धित) मा संसोधनः-**

१. गिट्टी, ढुङ्गा, वालुवा अवैध उत्खनन गरेमा प्रति ट्याक्टर रु. ३०,०००।– पहिलो र पटकेमा हरेक पटक क्रमशः रु. ३०,०००।– ढुवानी गरेको माल समेत जफत गरिनेछ ।

२. गिट्टी, ढुङ्गा, बालुवा अवैध उत्खनन गरेमा प्रति ट्रिपर रु. ५०,०००।– पहिलो पटक र पटके क्रमशः रु. ५०,०००।– ढुवानी गरेको माल समेत जफत गरिनेछ ।

प्रमाणिकरण मितिः २०८२।०९।२१

आज्ञाले

कृष्ण प्रसाद मरासिनी

प्रमुख प्रशासकीय अधिकृत